नेपाल सरकार

**शिक्षा मन्त्रालय**

# पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

## पाठ्यपुस्तक तथा थप पाठ्यसामग्रीको प्रयोगसम्बन्धी सूचना

(सुचना प्रकाशित मिति २०६६ वैशाख ५ गते)

शिक्षा ऐन २०२८ को दफा ८ तथा शिक्षा नियमावलीको नियम ३१ ले कुनै पनि विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्नुपर्ने व्यवस्था गरेको कुरा सर्वविदितै छ । नेपाल सरकारबाट प्रकाशित पाठ्यपुस्तक बाहेक विद्यालयले थप पाठ्यसामग्री तथा पाठ्यपुस्तक पनि प्रयोग गर्न चाहेमा स्वीकृति लिनुपर्ने प्रावधान शिक्षा नियमावली २०५९ को नियम ३५ ले व्यवस्था गरेको छ । कतिपय विद्यालयहरूमा अझै पनि स्वीकृत नभएका पाठ्यपुस्तक तथा थप पाठ्यसामग्री अध्ययन अध्यापन गरेको बुझिएकाले जिल्ला शिक्षा कार्यालयहरूले शिक्षा नियमावली २०५९ को नियम ३६ बमोजिम सम्बन्धित विद्यालयहरूमा स्वीकृत भएका पाठ्यसामग्री प्रयोग भए नभएको अनुगमन गर्नुहुन अनुरोध छ । यस सम्बन्धमा यस केन्द्रबाट मिति २०६५/९/१५ मा गोरखापत्र दैनिक लगायतका पत्रपत्रिका हरूबाट जानकारी गराइ सकिएको छ । अत: २०६६ को शैक्षिक सत्र लागू भएको सन्दर्भमा पुन: अनुरोधसहितको यो सूचना गरिएको छ ।

यस केन्द्रबाट प्रकाशित र थप सामग्रीको रूपमा अनुमति प्राप्त पुस्तकहरूबाहेक शिक्षा ऐन/नियम विपरीत जथाभावी पुस्तकहरू प्रयोग गर्ने गराउने र राजस्व छल्ने कार्य कुनै लेखक, प्रकाशक वा विद्यालयबाट भए गरेको पाइएमा कारवाही गरिने कुरा पनि सम्बन्धित सबैलाई जानकारी गराइएको छ । यसरी अनुमति विना पाठ्यपुस्तक प्रयोग गर्न विद्यार्थी तथा अभिभावक हरूलाई वाध्य गराउन नपाइने हुँदा क्षेत्रीय शिक्षा निर्देशनालय तथा जिल्ला शिक्षा कार्यालयहरूलाई विद्यमान शिक्षा ऐन/नियम अनुसार कारवाही गर्नु गराउनु हुन समेत अनुरोध छ । स्वीकृत पाठ्यपुस्तक तथा पाठ्यसामग्री मात्र खरिद गर्नुहुन र स्वीकृत नभएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री खरिद हुन गएमा सम्बन्धित विक्रेताकहाँ फिर्ता गर्नुहुन समेत जानकारी गराइन्छ ।

शैक्षिक सत्र २०६६ का लागि कक्षा ४ का ५ ओटै विषयका पाठ्यपुस्तक परिवर्तन भएका र कक्षा ४ बाहेकका कक्षा १ देखि ३ र ५ देखि १० सम्मका पाठ्यपुस्तकहरू शैक्षिक सत्र २०६५ मा लागू भएकै पाठ्यपुस्तकहरू लागू हुने व्यहोरा सबै जिल्ला शिक्षा कार्यालय, विद्यालय, अभिभावक, तथा विद्यार्थीहरूलाई मिति २०६६।१।१ को गोरखापत्रको सूचनाद्धारा समेत अवगत गराइसकिएको व्यहोरा अनुरोध छ । विद्यालय पाठ्यपुस्तक मुद्रण तथा वितरण निर्देशिका २०६३ अनुसार यस केन्द्रद्वारा प्रकाशित पाठ्यपुस्तकहरू निम्नानुसारका मुद्रक तथा वितरकबाट विक्री वितरण हुने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

१. यस केन्द्रबाट प्रकाशित जनक शिक्षा सामग्री केन्द्र लि. बाट मुद्रण भएका पाठ्यपुस्तकहरू जनक शिक्षा सामग्री केन्द्र लिमिटेड तथा साझा प्रकाशन र साझा प्रकाशनका अधिकृत विक्रेताहरूबाट कक्षा १ देखि १० सम्मका सबै पाठ्यपुस्तकहरू देशभर विक्री वितरण हुने ।

२. पूर्वाञ्चल तथा पश्चिमाञ्चल विकास क्षेत्रका ३२ जिल्लामा निजी क्षेत्रका निम्नानुसारका मुद्रक तथा वितरकबाट कक्षा १ देखि ८ सम्मका यस केन्द्रबाट प्रकाशित पाठ्यपुस्तक विक्री वितरण हुने :

(क) रोशन अफसेट प्रिन्टर्स, कोटेश्वर, काठमाडौँ

(ख) इम्प्रेशन एन्ड मेटेरियल्स प्रा.लि. अनामनगर, काठमाडौँ

(ग) श्री सिद्धबाबा अफसेट प्रेस, पुतलीसडक, काठमाडौँ

(घ) माँ तारा अफसेट प्रा.लि., जोरपाटी, काठमाडौँ

(ङ) प्रिन्टर्स वर्ल्ड पब्लिसिङ हाउस प्रा.लि., डिल्लीबजार, काठमाडौँ

(च) कञ्चन बहुउद्देश्यीय कम्पनी प्रा.लि., विराटनगर-१५, मोरङ

(छ) ग्राफिक अफसेट प्रिन्टर्स, विराटनगर-१२, मोरङ

(ज) ओम शान्ति प्रिन्टर्स, विराटनगर-१७, मोरङ (कक्षा १ देखि ५ सम्म मात्र)

साथै यस केन्द्रबाट विभिन्न भाषामा पाठ्यपुस्तकहरू कक्षा १ देखि कक्षा ५ सम्मका (अवधी, गुरुङ, चाम्लिङ राई, तामाङ, थारू, नेवारी (नेपाल भाषा) बान्तवा राई, भोजपुरी, मगर, मैथिली, लिम्बू, र सेर्पा), कक्षा १ र २ का (राजवंशी र सुनुवार) तथा कक्षा १ को याक्खा र थारू (मध्य क्षेत्र) तयार भएकाले त्यस्ता पाठ्यपुस्तकहरू छापि बिक्री वितरण गर्न चाहने व्यक्ति वा संस्थाहरूले पनि विद्यालय पाठ्यपुस्तक मुद्रण तथा वितरण निर्देशिका २०६३ अनुसारको प्रावधान पुरा गरी ७ दिन भित्र यस केन्द्रमा निवेदन दिनुहुन पुन: यो सूचना प्रकाशित गरिएको छ ।